स्थानीय राजपत्र
रौतामाई गाउँपालिकाद्धारा प्रकाशित

# रौतामाई गाउँपालिकाको शिक्षकको सरुवा तथा काज सम्बन्धी कार्यविधि २०७९

**प्रकाशक**
स्थानीय सरकार
रौतामाई गाउँपालिका
उदयपुर जिल्ला, कोशी प्रदेश, नेपाल

स्थानीय राजपत्र
रौतामाई गाउँपालिकाद्धारा प्रकाशित

# रौतामाई गाउँपालिकाको शिक्षकको सरुवा तथा काज सम्बन्धी कार्यविधि २०७९

**(रौतामाई गाउँसभाबाट स्वीकृत)**

**भाग : १ खण्ड : ०६ संख्या : ०२ मिति : असार २९, २०७९**

शिक्षकहरुको सरुवा तथा काज सम्वन्धी स्थानीय तथमा कनून वनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम रौतामाई गाउँपालिकाको गाउँसभाबाट पारित गरी सर्वसाधारणको जानकारीका लागि कार्यविधि प्रकाशन गरिएकोछ ।

**प्रस्तावना :**

रौतामाई गाउँपालिकाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक विद्यालय कर्मचारी तथा बालविकास शिक्षकहरुको सरुवा तथा काजलाई व्यवस्थित गर्न तथा दरवन्दी मिलान गर्नको लागि गाउँ कार्यापालिकाले रौतामाई गाउँपालिकाको अधारभूत तथा माध्यामिक शिक्षा नियमावली, २०७४ (प्रथम संसोधन, २०७७) को दफा (४९) (क) को उपदफा ३ को (ठ) र (ड) बमोजिम रौतामाई गाउँपालिकाको कार्यपालिकाले स्वीकृत गरी शिक्षकहरुको सरुवा तथा काज सम्बन्धी व्यवस्था गर्नका लागि देहाय बमोजिमको कार्यविधि तयार गरेको छ ।

**१ संक्षिप्त नाम र प्रारम्भ :**

क. यस कार्यविधिको नाम “रौतामाई गाउँपालिकाको शिक्षकको सरुवा तथा काज सम्बन्धी कार्यविधि, २०७९” रहेको छ ।

ख. यो कार्यविधि रौतामाई गाउँपालिकाको क्षेत्रभित्रको विद्यालयहरुमा लागु हुनेछ ।

ग. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२ **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क. "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत स्थायी/अस्थायी, राहत अनुदान, संघीय अनुदान, साविक उच्च मा.वि.अनुदान, गाउँ स्वयम् सेवक तथा प्र.अ.लाई समेत बुझ्नु पर्दछ ।

ख. "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहायक कर्मचारी र विद्यालय सहयोगीलाई जनाउछ ।

ग. "बालविकास शिक्षक" भन्नाले वालविकास कक्षा/केन्द्रमा पढाउन खटाएको संघीय तथा गा.पा.अनुदानबाट तलवभत्ता खाने शिक्षकलाई सम्झनु पर्दछ ।

घ. "शिक्षा समिति" शिक्षा ऐन बमोजिम गठन भएको गाउँशिक्षा समितिलाई सम्झनु पर्दछ ।

ङ. "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराउने बार्षिक अवधि सम्झनु पर्दछ ।

च. "व्यवस्थापन समिति" भन्नाले संघीय शिक्षा ऐन तथा रौतामाई गाउँपालिकाको शिक्षा ऐन २०७४ तथा शिक्षा नियमावली २०७७ बमोजिम गठित विद्यालयको व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

छ. "शिक्षा ऐन" भन्नाले रौतामाई गाउँपालिकाको शिक्षा ऐन २०७४ प्रथम संशोधन २०७७ बुझ्नु पर्दछ ।

ज. "शिक्षा नियमावली" भन्नाले रौतामाई गाउँपालिकाको शिक्षा नियमावली प्रथम संशोधन २०७७ बुझ्नु पर्दछ ।

झ. "कार्यालय" भन्नाले रौतामाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बुझ्नु पर्दछ ।

ञ. "सामुदायिक विद्यालय" भन्नाले समुदायबाट वा सरकारी अनुदानबाट सञ्चालित आधारभूत तह कक्षा १-३,४-५, ६-८ र माध्यामिक विद्यालय भन्नाले कक्षा ९-१० र कक्षा ११-१२ लाई जनाउँदछ ।

ट. "गाउँपालिका" भन्नाले रौतामाई गाउँपालिका बुझ्नु पर्दछ ।

ठ. "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

ड. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ढ. "शिक्षा शाखा" भन्नाले रौतामाई गाउँपालिका अन्तर्गतको शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्छ ।

ण. "शिक्षा अधिकृत" भन्नाले गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा काम गर्न तोकिएको अधिकृतलाई जनाउछ ।

त. "सम्पर्क व्यक्ति" भन्नाले रौतामाई गाउँपालिकाको शिक्षा ऐनको दफा ४३ र शिक्षा नियमालीको नियम १०६ बमोजिम विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गर्न शिक्षा शाखा मार्फत कामकाज गर्न काजमा खटाईएको सम्पर्क व्यक्ति वा स्रोतव्यक्ति (Resource Person)लाई बुझ्नु पर्दछ ।

**३ सरुवा तथा दरवन्दी मिलान गर्ने आधार सम्बन्धी व्यबस्था**

क. विद्यालयले रिक्त रहेको पदको विवरण पद रिक्त रहेको १ हप्ता भित्र तोकिएको ढाँचामा कर्यालयलाई उपलब्ध गराउने छ । यदि रिक्त रहेको विवरण १० दिन सम्म विद्यालयले गाउँपालिकामा जानकारी नगराएको र विज्ञापन गर्न अनुमति नलिएमा गाउँपालिकाले सूचना गरी ५ दिन भित्र पदपूर्ति/सरुवा प्रकृयाका गर्नका लागि विद्यालयलाई अवगत गराउनेछ । उक्त समयमा पनि विद्यालयले अनुमति नलिएमा गाउँपालिकाले विज्ञापन गरी नियुक्ति प्रक्रिया अगाडि बढाई पदपूर्ति गरी शिक्षक वा कर्मचारी सम्बन्धित विद्यालयमा पठाउन सक्ने छ ।

ख. गाउँपालिकाले विज्ञापन गरी नियुक्ति गरी पठाएको शिक्षक तथा कर्मचारीहरु लाई नियमानुसार हाजिर नगराएमा शिक्षक दरवन्दी अनुपात कमभएको विद्यालयमा दरवन्दी मिलान गरी पदस्थापना सहित काम काजमा खटाइने छ ।

ग. सरुवा हुन चाहेको शिक्षकले सरुवाको उपयुक्त कारण खोली तोकिएको ढाँचामा सरुवा फारम भरी विधालय व्यबस्थापन समितिको निर्णय सहित साविक छाड्ने विधालयबाट सरुवा सहमति वा सरुवा भई जान चाहेको (प्रबेश गर्ने) विद्यालयबाट सरुवा अनुमति प्राप्त गरी कार्यालयमा निवेदन दिनु पर्दछ ।

घ. गाउँपालिकाले रितपूर्वक प्राप्त निबेदन उपर छानबिन गरी आबश्यकता र उपयुक्तताको आधारमा सरुवा गर्न सक्ने छ ।

ङ. सरुवा गर्दा आधारभूत प्राथमिक तहको हकमा शिक्षक विधार्थी अनुपात र आधारभूत निम्नमाध्यामिक र माध्यामिक तहको हकमा शिक्षक विधार्थी अनुपातका साथै विषयगत आधारमा सरुवा गरिने छ ।

च. विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको जिम्मेवारी सहित शिक्षकलाई एक विधालयबाट अर्को विधालयमा सरुवा वा दरवन्दी मिलान गर्दा निजले पेश गरेको वद्यालय विकास प्रस्ताव, निजको व्यबस्थापकीय कार्य कुशलता र नेतृत्वसीप र शैलीका आधारमा उपयुक्तता हेरी सरुवा गरिने छ ।

छ. माथि उपनियम (क) देखि (ङ) मा जे सुकै लेखिएको भएतापनि गाउँपालिका भित्रको शैक्षिक व्यबस्थापन एवं गुणस्तर सुधार गर्ने क्रममा, शिक्षक दरबन्दी मिलान गर्ने क्रममा, शिक्षक विद्यार्थी अनुपातमा मिलान गर्ने क्रममा आबश्यक पुष्ट्याँई र तथ्यका आधारमा कार्यालयले शिक्षा समितिको सिफारिसमा जुनसुकै बखत पनि शिक्षक तथा प्रधानाध्यापकहरुको एक विद्यालयबाट अर्को विद्यालयमा दरवन्दी मिलान र सरुवा गर्न सक्ने छ ।

ज. रौतामाई गाउँपालिकाले दरवन्दी मिलान तथा सरुवा काज वर्षमा एक पटक मात्र गरिने छ ।

झ. कुनै शिक्षक कर्मचारीलाई एक विद्यालयबाट अर्को विद्यालयमा काजमा खटाउन सक्नेछ ।

## ४. अन्य स्थानीय तहमा सरुवा गर्ने वा काज खटाउने व्यवस्था

क. अन्य स्थानीय तहबाट सरुवा भई आउने र जानका लागि तहगत विषयगत दरवन्दी र पद मिलान हुने गरी शिक्षा विकास तथा समन्वय ईकाइसँगको समन्वयमा सरुवा गरिने छ ।

ख. विद्यार्थी संख्या न्यून भएको कारण विद्यालय समायोजन गर्ने तह घटाउने तथा दरवन्दी पुलमा राखी अन्य विद्यालयमा व्यवस्थापन गर्ने सम्बन्धी सूचना गाउँपालिकाले माघ मसान्त सम्म जानकारी दिई सक्नु पर्नेछ ।

ग. अन्य स्थानीय तहबाट सरुवा भई आउनको लागि तोकिएको ढाँचामा साविक छोड्ने विद्यालय र स्थानीय तहको सहमति आवश्यक हुनेछ ।

घ. अन्य स्थानीय तहमा सरुवा भई जानका लागि साविक (छोड्ने) विद्यालय र स्थानीय तहको सहमति र सरुवा भई जान लागेको (प्रवेश गर्ने) विद्यालय र स्थानीय तहको अनुमति पत्र आबश्यक हुनेछ ।

ङ. गाउँपालिकाले सरुवा गरेको शिक्षक वा कर्मचारी सम्बन्धित विद्यालयबाट जान नचाहेमा वा विद्यालयले हाजिर नगराएमा गाउँपालिकामा दरवन्दी पुलमा राखी स्रोत शिक्षक तथा कर्मचारीलाई अभाव भएको विद्यालयमा पदस्थापना गरिनेछ ।

**५. दरबन्दी पुलमा रहने**

क) गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा आधारभूत प्राथमिक तहहरुको हकमा शिक्षक विद्यार्थी अनुपात र आधारभूत निम्न माध्यमिक र माध्यमिक तहको हकमा शिक्षक विद्यार्थी अनुपात साथै विषयगत आधारलाई ध्यान दिदै शिक्षक विद्यार्थी अनुपात न्यून भएको विद्यालयको शिक्षक दरबन्दी गाउँपालिका पुलमा राखिने छ र पुलमा भएको दरबन्दी सम्बन्धमा विद्यालयलाई जानकारी दिइने छ ।

ख) पुलमा रहेको दरबन्दी आवश्यकता र औचित्यताको आधारमा शिक्षक विद्यार्थी अनुपात वढी भएको विद्यालयमा दरवन्दी मिलान सरुवा तथा काजमा व्यवस्थापन गर्न सकिने छ ।

ग) पुलमा रहेको दरबन्दी सरुवा तथा मिलान व्यवस्थापन गर्न विद्यालयको सहमति आवश्यक पर्ने छैन ।

**६. गाउँपालिका भित्र रहेको सामुदायिक विद्यालयलाई शिक्षक सरुवा तथा व्यवस्थापन सम्बन्धमा**

क. गाउँपालिका भित्र कार्यरत शिक्षकलाई शिक्षक विद्यार्थी अनुपात तथा विषयगत दरवन्दीमा असर नपर्ने गरी घरपायक विद्यालयमा सरुवा व्यवस्थापन गर्न सक्ने छ ।

ख. श्रीमान र श्रीमतिलाई एकै विद्यालय वा नजिकको विद्यालयमा व्यवस्थापन गर्न सकिनेछ ।

ग. विषेश क्षमता भएको अपाङ्ग तथा गम्भिर प्रकृतिको विरामी शिक्षकलाई घर पायक तथा सुविधाको विद्यालयमा सरुवा तथा काज व्यवस्थापन गर्न सक्नेछ ।

घ. सवै प्रकारका शिक्षक तथा कर्मचारीलाई दरवन्दी सहित वढी विद्यार्थी भएको विद्यालयमा सरुवा तथा काज व्यवस्थापन गर्ने ।

ङ. उपदफा ४ को क, ख, ग र घ बमोजिम शिक्षक सरुवा हुँदा दुबै विद्यालयको सहमति आवश्यक पर्नेछ ।

**७. शिक्षक तथा प्रधानाध्यापकलाई काजमा खटाउने सम्बन्धी व्यवस्था**

क. सामान्यतया शिक्षक तथा प्रधानाध्यापकलाई विद्यालयको नियमित पठन पाठनमा असर पर्ने गरी अन्यत्र विद्यालय तथा कार्यालयमा काजमा खटाउन हुदैन । तथापि सम्बन्धित शिक्षकको विज्ञताको सेवा अन्य

विद्यालय तथा कार्यालयलाई तत्काल आवश्यक भएमा वा आचार संहिता उलङ्घन वा अन्य कारणले शिक्षकलाई कार्यरत विद्यालयमा रहन र कार्य गर्न असुविधा र असुरक्षा हुने स्पष्ट आधार देखिएमा वा नसियत दिनु परेमा, कार्य सम्झौतामा न्युन अंक प्राप्त गरेमा औचित्य र आवश्यकताका आधारमा कार्यालयले बढीमा एक शैक्षिक सत्र सम्मको लागि शिक्षक तथा प्रधानाध्यापक लाइ अन्य उपयुक्त विद्यालय तथा कार्यालयमा काजमा खटाउन सक्नेछ ।

ख. रौतामाई गाउँपालिका भित्रका शैक्षिक प्रणालीलाई सहायता गर्न विद्यालय अनुगमन तथा सुपरिवेक्षण गर्न गाउँ कार्यापालिकाले निर्णय गरी स्थायी शिक्षकहरु मध्येबाट दुई जनालाई शिक्षा शाखा मार्फत कामकाज गर्ने गरी सम्पर्कव्यक्ति/स्रोतव्यक्तिको रुपमा काजमा खटाउन सक्ने छ । सम्पर्कव्यक्ति/स्रोतव्यक्तिको छनोट सम्बन्धी मापदण्ड छनोट समितिले तोके बमोजिम हुनेछ । सम्पर्कव्यक्ति/स्रोतव्यक्ति पदाधिकार रहेको विद्यालयमा गाउँ स्वयम् सेवक शिक्षक पालिकाले खटाउने छ । काज फिर्ता भए पश्चात गाउँ स्वयम सेवक शिक्षकलाई अन्य विद्यालयमा कामकाज गर्न खटाइने छ ।

**८. शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा देहाय बमोजिमका कार्यविधिका आधारमा गर्नु पर्नेछ :**

क. तोकिएको जिम्मेवारी तोकिएको समय भित्र पुरा नगरेको भनी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयबाट सिफारिस भएमा ।

ख. एउटा विद्यालयमा आवश्यकता भन्दा बढी एकै विषयका शिक्षक भएमा ।

ग. दरवन्दी मिलान गर्ने क्रममा तोकिएको मापदण्ड भन्दा बढी शिक्षक भएमा ।

घ. विपद्का कारणबाट विद्यालय र विद्यालय रहेको समुदाय नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्थामा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सिफारिस गरेमा ।

ङ. नैतिक आचरण तथा निजको व्यक्तिगत अनुशासन लगायतका कारणबाट कुनै शिक्षकलाई सो विद्यालयमा राखी रहदा विद्यालयको शैक्षिक वातावरण खलवलिएको वा खलवलिन सक्ने व्यहोरा विद्यालय व्यवस्थापन समितिबाट निर्णयभई आएमा ।

च. कुनै शिक्षकले उत्कृष्ट नतिजा ल्याउन सफल रहेको वा विशेषज्ञता सेवा प्रवाह गरेको अवस्थामा उक्तसेवालाई अन्य विद्यालयमा उपयोगगर्न आवश्यक देखिएमा ।

छ. पति पत्नि दुवै शिक्षक वा कर्मचारी रहेको अवस्था भए सकभर एकै विद्यालय वा वडा भित्र पर्ने गरी सरुवा गर्नु परेमा ।

ज. विद्यालय समायोजन तह तथा कक्षा घटुवा भई उक्त विद्यालयमा कार्यरत शिक्षक कर्मचारी अन्यत्र व्यवस्थापन गर्नुपरेमा दरवन्दी रिक्त रहेका वा थपिएका विद्यालयहरुको दरवन्दी विवरण तयार गरी व्यवस्थापन गर्नु पर्ने शिक्षक कर्मचारीहरुको नियुक्ति मितिको आधारमा, अस्थायीको सेवा अवधि आधा र स्थायीको सेवा अवधी पुरै जोडी हुन आउने जम्मा सेवा अवधि गणना हुनेगरी जेष्ठताक्रम कायम गरी सो अनुसार छनौट गर्न लगाई व्यवस्थापन गरिने छ ।

झ. पन्ध्र दिन भन्दा बढी विदा स्वीकृत नगराई विद्यालयमा अनुपस्थित रहेको र पटकपटक जिम्मेवारी निर्वाहमा लापरवाही गरेको भनि विद्यालय व्यवस्थापन समितिबाट लेखी आएमा त्यस्ता शिक्षक कर्मचारीलाई अन्यत्र सरुवा गरी नियमानुसार विभागीय कारवाही समेत गरिनेछ ।

ञ. सरुवा वा शिक्षक कर्मचारी व्यवस्थापन गर्दा अपाङ्गता भएका शिक्षक र महिलालाई निजको स्थायी ठेगानाको आधारमा घर पायक पर्ने स्थानमा सरुवा व्यवस्थापन गर्न प्राथमिकता दिइनेछ ।

ट. शिक्षकको माग अनुसार सरुवा गर्दा एउटै विद्यालयमा धेरै शिक्षकको माग दावी रहेमा लामो अवधि सम्म एकै विद्यालयमा बसेका र सम्वन्धित विद्यालय व्यवस्थापन समितिको सरुवा सहमति भएका शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ ।

ठ. स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक अनिवार्य अवकाश हुन वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षक कर्मचारीलाई निजको इच्छा विपरित एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गरिने छैन ।

ड. सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षक वा कर्मचारीलाई रौतामाई गाउँपालिका शिक्षा नियमावली २०७७ को नियम ५७ को अनुसुची-१३ बमोजिमको ढाँचामा रमाना पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा शाखालाई दिनु पर्नेछ ।

ढ. गाउँपालिकाको स्रोतबाट तलब भत्ता खानेगरी दरवन्दी सृजना भई नियुक्ति भएका शिक्षक कर्मचारीहरुको सरुवा गर्दा गाउँपालिकाको स्रोतबाटै तलबभत्ता खानेगरी सोही तह र प्रकृतिको दरवन्दीमा मात्र सरुवा गर्न सकिनेछ ।

ण. कुनै शिक्षकले विद्यालयमा पाचँ वर्ष सम्म शिक्षण गर्दा पनि तोकिएको मापदण्ड भन्दा कम शैक्षिक गुणस्तर भएमा अन्य विद्यालयमा सरुवा गर्न सकिनेछ ।

त. एकै विद्यालयमा पाचँ वर्ष सेवा अवधि पुगेका शिक्षक कर्मचारीलाई गाउँ शिक्षा समितिको निर्णय अनुसार विद्यालयको सहमति बिना पनि गाउँपालिका भित्रका अन्य विद्यालयमा सरुवा गर्न सकिनेछ ।

थ. एउटै वडा भित्रका शिक्षक तथा कर्मचारीलाई विज्ञता कार्य क्षमता सिकाई उपलब्धिस्तर आदिका आधारमा शैक्षिक गुणस्तर सुधारका लागि तहगत रुपमा मिल्ने गरी सम्बन्धित वडा वा नजिकको वडामा विद्यालयको सहमति विना पनि दरवन्दी मिलान सरुवा तथा काजमा खटाउन सकिनेछ ।

द. रौतामाई गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि गरिएको कार्य सम्पादन सम्झौता अनुसार न्यून कार्य सम्पादन प्राप्ताङ्क भएका प्र.अ.,शिक्षक तथा कर्मचारीलाई शैक्षिक गुणस्तर कार्य सम्पादन निर्देशिका २०८० अनुसार सरुवा तथा काज व्यवस्थापन गरिनेछ ।

ध. माथि जुन सुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुणस्तर सुधार गर्ने तथा दरवन्दी मिलानको क्रममा सम्वन्धित शिक्षक, विद्यालय र सम्बन्धित वडाको सहमति वेगर पनि गाउँपालिका भित्रका विद्यालयहरुमा तहगत र विषयगत दरवन्दी मिल्ने गरी कार्यरत शिक्षक कर्मचारीहरुलाई शिक्षा शाखाको सिफारिसमा गाउँ शिक्षा समितिको निर्णय अनुसार दरबन्दी मिलान तथा काज व्यवस्थापन गर्न सकिनेछ ।

## ९. कार्यविधि सम्वन्धी व्यवस्था

क. यस कार्यविधिमा उल्लेख नभएका शिक्षक सरुवा वा काज सम्बन्धी अन्य व्यवस्था संघीय प्रादेशिक शिक्षा ऐन नियमावली तथा रौतामाई गाउँपालिकाको शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

ख. रौतामाई गाउँपालिकाको दरवन्दी तेरिज सम्बन्धी व्यवस्था अनुसूची ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

## १०. कार्यविधि संशोधन सम्बन्धी व्यवस्था

क. संघीय प्रादेशिक शिक्षा ऐन नियमावली सँग तालमेल हुने गरी गाँउ शिक्षा समितिको सिफारिसमा गाउँकार्यपालिकाले समय समयमा यस कार्यविधिमा परिमार्जन वा संशोधन गर्न सक्नेछ ।

## अनुसूची : १

(नियम १ (१) सँग सम्बन्धित)

**पदरिक्त भएको विवरण**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
रौतामाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर, कोशी प्रदेश ।

**विषयः** पदरिक्त भएको सम्बन्धमा

यस विद्यालयमा ...................................... कारणबाट मिति ......................... देखि ............... तह र विषयको कार्यालय सहयोगी/सहायक/बाल विकास सहजकर्ता/ शिक्षक पद रिक्त हुन आएकोले जानकारीका लागि अनुरोध छ ।

प्रधानाध्यापकको नाम :
सही :
विद्यालय :
मिति :

## अनुसुची : २

(नियम १ (२) सँग सम्बन्धित)

**सरुवा हुन सहमति दिईने निवेदन**

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
रौतामाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर, कोशी प्रदेश ।

**विषयः** सरुवा सम्बन्धमा ।

मलाई निम्नलिखित विद्यालयमा सरुवा गरि दिनु हुँन देहाय विवरण खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम थर :
स्थायी ठेगाना :
तह र श्रेणी :
हालको विद्यालयको नाम र ठेगाना :
सरुवा भइ जान चाहेको विद्यालयको नाम र ठेगाना :
योग्यता र तालिम :
स्थायि नियुक्ति मिति :
हालको विद्यालय/पालिकामा काम गरेको अवधि :
सरुवा माग गर्नु पर्ने कारणः

निवेदकको :-
सही :
नाम :
विद्यालय :
मिति :

## सरुवा भइ जाने विद्यालयको सहमति

यस विद्यालयका शिक्षक श्री ..................... लाई व्यवस्थापन समितिको मिति ............... को निर्णय अनुसार यस विद्यालयबाट सरुवा भइ जना सहमती प्रदान गरिएको छ ।

विद्यालयको छाप

विद्यालय व्यवस्थापन समितिको अध्यक्षको
सहि :
नाम :
विद्यालय :
मिति :

## सरुवा भइ आउने विद्यालयको सहमति

......................... विद्यालयका शिक्षक श्री ..................... लाई व्यवस्थापन समितिको मिति ............... को निर्णय अनुसार यस विद्यालयबाट सरुवा भइ आउन सहमती प्रदान गरिएको छ ।

विद्यालयको छाप

विद्यालय व्यवस्थापन समितिको अध्यक्षको
सही :
नाम :
विद्यालय :
मिति :

## अनुसूची - ३

(नियम२(२)सँग सम्बन्धित)

## अन्तर पालिका/जिल्ला सरुवा हुँन दिइने निवेदन

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
रौतामाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर, कोशी प्रदेश ।

**विषय :** सरुवा सम्बन्धमा ।

मलाई निम्नलिखित विद्यालयमा सरुवा गरी दिनु हुँन देहायका विवरणहरु खुलाई निवेदन गरेको छु ।

शिक्षकको नाम थर :
स्थायी ठेगाना :
तह र श्रेणी :
हालको विद्यालयको नाम र ठेगाना :
सरुवा भइ जान चाहेको विद्यालयको नाम र ठेगाना :
योग्यता र तालिम :
स्थायी नियुक्ति मिति :
हालको पालिका/जिल्लामा काम गरेको अवधि :
सरुवा माग गर्नु पर्ने कारण :

निवेदकको
सही :
नाम :
विद्यालय :
मिति :

## सरुवा भइ जाने गाउँ/नगरपालिकाको सहमति

यस गाउँ/नगरपालिका ...................................... विद्यालयका शिक्षक श्री .............................. लाइ गाउँ/ नगरपालिकाको मिति ................. को निर्णय अनुसार यस नगरपालिकाबाट सरुवा भई जान सहमती प्रदान गरिएको छ ।

गाउँ/नगरपालिकाको छाप

प्र.प्र.अ./शिक्षा शाखा प्रमुख :-
सहि :
नाम :
गाउँ/नगरपालिका :
मिति :

## सरुवा भै आउने गाउँ/नगरपालिकाको सहमति

............................ विद्यालय .................... गाउँ/नगरपालिका शिक्षक श्री .................................. लाइ गाउँ/ नगरपालिकाको मिति ................ को निर्णय अनुसार यस नगरपालिकाबाट सरुवा भई आउन सहमति प्रदान गरिएको छ ।

गाउँ/नगरपालिकाको छाप

प्र.प्र.अ./शिक्षा शाखा प्रमुख :-
सहि :
नाम :
गाउँ/नगरपालिका :
मिति :

## अनुसूची ४

नियम ९ को (ख) सँग सम्बन्धित

**रौतामाई गाउँपालिकाको विद्यालयहरुमा रहने शिक्षकको दरबन्दी**

विद्यालयमा दरवन्दी भए सम्म देहायका दरबन्दी रहन्छन :

क. पूर्व प्राथमिक विद्यालयः - पूर्व प्राथमिक विद्यालयमा कम्तिमा एक जना शिक्षक

ख. आधारभूत (१-५) विद्यालयमा तीस जना सम्म विद्यार्थी भएमा कम्तिमा दुईजना र सो भन्दाबढी विद्यार्थी भएमा कम्तिमा तीन जना शिक्षक

ग. आधारभूत (१- ८) विद्यालयमा

१. छ कक्षा देखि आठ कक्षा सम्म संचालन भएको विद्यालयमा निम्न माध्यमिक तहको चार जना शिक्षक

२. कक्षा १ देखि ८ सम्म संचालन भएको विद्यालयमा कम्तिमा सातजना शिक्षक

- अंग्रेजी मूल विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको एक शिक्षक
- विज्ञान वा गणित विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको शिक्षक एकजना
- नेपाली विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको शिक्षक एकजना
- सामाजिक विषय अध्ययन गर्नकोलागि प्रमाणपत्र तह उत्तीर्ण गरेको शिक्षक एकजना
- एसएलसी वा सो सरह उत्तीर्ण गरेको तीन जना

घ. माध्यमिक विद्यालयमाः

१. ९ कक्षा देखि १२ कक्षासम्म सञ्चालन भएको विद्यालमा आठ जना शिक्षक

२. ६ कक्षा देखि १० कक्षा सम्म सञ्चालन भएको विद्यालयमा देहाय बमोजिमका कम्तिमा नौ जना शिक्षक

- अंग्रेजी मूल विषय लिइ स्नातक वा सोसरह उत्तीर्ण गरेको एक शिक्षक
- विज्ञान वा गणित विषय लिइ स्नातक वा सोसरह उत्तीर्ण गरेको शिक्षक एकजना
- नेपाली विषय लिइ स्नातक वा सोसरह उत्तीर्ण गरेको शिक्षक एकजना
- सामाजिक विषय अध्ययन गर्नकोलागि स्नातक वा सोसरह उत्तीर्ण गरेको शिक्षक एकजना

- अन्य ऐच्छिक विषयको लागि सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण गरेको एक जना
- विज्ञान वा गणित मूल विषय लिइ प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको एकजना
- अंग्रेजी मूल विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको एक शिक्षक
- अन्य विषय लिइ प्रमाणपत्र तह उत्तीर्ण गरेको शिक्षक दुइ जना

घ. एक देखि दश कक्षा सम्म संचालन भएको विद्यालयमा खण्ड ग को उपखण्ड २ बमोजिमको दरबन्दीमा प्राथमिक तहको कम्तिमा तीन जना शिक्षक रहनेछन् ।

**द्रष्टब्यः**

क. खण्ड ग को उपखण्ड २ को क्रम संख्या १ देखि ४ सम्मका कम्तिमा १ जना शिक्षक नियुक्ति नभए सम्म एउटै विषयमा एक भन्दा बढी शिक्षक नियुक्त गरिने छैन ।

ख. खण्ड घ को उपखण्ड २ को क्रम संख्या १ देखि ७ सम्म कम्तिमा १ जना शिक्षक नियुक्ति नभए सम्म एउटै विषयमा एक भन्दाबढी शिक्षक नियुक्ति गरिने छैन ।

## अनुसूची ५
## रमानापत्र

पत्र संख्याः- मितिः-....................

श्री..........................................................त्यस विद्यालयमा सरुवा हुनु भएका श्री..............................................................लाई निजको विवरण सहितको रमाना पत्र दिई त्यस विद्यालयमा हाजिर हुन पठाइएको व्यहोरा अनुरोध गर्दछु ।

१. शिक्षक वा कर्मचारीको नाम थरः-
२. शिक्षक वा कर्मचारी सङ्केत नम्वरः-
३. साविक (क) तह- (ख) श्रेणी :-
   (ग) पदः- (घ) शिक्षक भए विषयः-
   (ङ) विद्यालयः-
४. सरुवा भएको (क) निर्णय मितिः- (ख) सरुवा गर्ने कार्यालय :-
   (ग) तह :- (घ) श्रेणी :- (ङ) पदः-
   (च) शिक्षक भए विषयः- (छ) विद्यालयः-
५. बरबुझारथ सम्बन्धी विवरणः-
   गरेको नगरेको
६. रमाना हुने मितिः-
७. रमानापत्रको मितिसम्म खर्च भएका बिदाः-
   (क) भैपरी आउने र पर्व बिदा......... दिन ।
   (ख) विरामी बिदा....... दिन ।
   (ग) प्रसूति बिदा..... पटक ।
   (घ) अध्ययन बिदा.....दिन ।
   (ङ) असाधारण बिदा..... दिन ।
   (च) बेतलवि विदा
८. रमानापत्रको मितिसम्म सञ्चित बिदाः-
   (क) विरामी बिदा...... दिन ।
९. विद्यालयमा रुजू हाजिरी भएको दिन
१०. खाईपाई आएको मासिक :- (क) तलब रु. (ख) तलब वृद्धि रु.
११. तलब भत्ता भुक्तानी लिएको अन्तिम मितिः-

१२. कर्मचारी संचयकोष कट्टी रकमः-

१३. भूक्तानी लिएको उपचार खर्चको रकमः-

१४. तलब वृद्धि हुन शुरु भएको शुरु मितिः-

१५. नागरिक लगानी कोष कट्टि रकमः-

१६. आयकर कट्टि रकमः-

१७. सावधिक विमाकोषमा जम्मा भएको साल ............ महिना ............ गते

१८. सावधिक विमावापत वार्षिक प्रिमियम तिरेको साल ........ महिना .......... गते

१९. चाड पर्व खर्च लिने चाडको नाम र सो चाड पर्ने तिथि र सम्भावित महिनाः

२० शिशु स्याहार भत्तालिएको विवरण

**वोधार्थः-**

श्री विद्यालय शिक्षक किताबखाना,

श्री कर्मचारी संचयकोष, त्रिदेवी मार्ग, ठमेल ।

श्री ......................................... विद्यालय ।

श्री ....................................... (सम्बन्धित शिक्षक वा कर्मचारी):- सरुवा भएको विद्यालयमा हाजिर हुन जानु हुन ।

आज्ञाले

**योगेन्द्रराज गुरुङ्ग**

प्रमुख प्रशासकीय अधिकृत